# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, असार १६ गते, २०७९ साल (संख्या ३


## भाग २

गण्डकी प्रदेश सरकार

**पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना**

### गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९

गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा "ऐन" भन्नाले गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ सम्झनु पर्छ ।

३. **फर्म दर्ता गराउन दरखास्त दिनु पर्ने**: (१) ऐनको दफा ४ बमोजिम प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा एक सय रुपैयाँ दरखास्त दस्तुर सहित नियम (४) बमोजिमको दर्ता दस्तुर संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

४. **दर्ता दस्तुर**: (१) देहाय बमोजिमको पुँजी भएको प्राइभेट फर्म दर्ता गर्दा देहाय बमोजिमको दर्ता दस्तुर लाग्नेछ:-

(क) दश लाख रुपैयाँ सम्म - एक हजार रुपैयाँ

(ख) दश लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्म -पाँच हजार रुपैयाँ

(ग) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म -दश हजार रुपैयाँ

(घ) एक करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँ सम्म -पचास हजार रुपैयाँ

(ङ) दश करोड रुपैयाँ भन्दा बढी जतिसुकै पुँजी भएमा -पचहत्तर हजार रुपैयाँ

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला, अपाङ्ग, दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र र सीमान्तकृत समुदायका व्यक्तिले प्राइभेट फर्म दर्ता गर्न चाहेमा त्यस्तो फर्म दर्ता गर्दा उपनियम (१) बमोजिम लाग्ने दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

५. **दरखास्त साथ नागरिकताको प्रमाणपत्र र अन्य कागजात पेश गर्नु पर्ने**: प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले दरखास्त दिँदा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र कार्यालयले तोकेको अन्य कागजातहरु पेश गर्नु पर्नेछ ।

तर अपाङ्ग, दलित समुदाय, विपन्न वर्ग, पिछडिएको क्षेत्र वा सीमान्तकृत समुदायको हकमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट जारी गरिएको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

६. **दर्ता गर्ने**: नियम ३ बमोजिम परेको दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न मनासिब देखेमा कार्यालयले त्यस्तो प्राइभेट फर्मको नाम कार्यालयको रजिष्टरमा जनाइ दरखास्तवालालाई अनुसूची- २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

७. **प्राइभेट फर्मको अवधि र नवीकरण**: (१) दर्ता भएको प्राईभेट फर्मको अवधि दुई वर्षको हुनेछ र सो अवधि भुक्तान भएपछि नवीकरण गर्नु पर्नेछ ।

(२) ऐनको दफा ५ को उपदफा (१) बमोजिम प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले उपनियम (१) बमोजिमको अवधि समाप्त भएको मितिले पैंतिस दिनभित्र देहाय बमोजिमका कागजात संलग्न गरी कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) फर्म दर्ताको सक्कल प्रमाण-पत्र,
(ख) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ग) अघिल्लो आर्थिक वर्षको कर तिरेको प्रमाण-पत्र वा निस्सा,
(घ) पचासलाख रुपैयाँ वा सो भन्दा बढी पुँजी भएको प्राईभेट फर्मको हकमा लेखा परीक्षण सम्बन्धी प्रतिवेदन |

(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले देहाय बमोजिमको दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गर्नु पर्नेछः-

| | |
|---|---|
| (क) नवीकरण दस्तुर | नियम (४) बमोजिमको दर्ता दस्तुरको दश प्रतिशतले हुन आउने रकम, |
| (ख) दर्ता प्रमाण पत्रको प्रतिलिपि दस्तुर | तीन सय रुपैयाँ । |

(४) उपनियम (२) बमोजिमको अवधिभित्र प्राइभेट फर्म नवीकरण गराउन नसकेको प्राइभेट फर्मको धनीले प्राइभेट फर्म नवीकरण गराउन नसकेको मनासिब कारण देखाई सो अवधि समाप्त भएको मितिले एक वर्षभित्र नवीकरणको लागि दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिब देखिएमा कार्यालयले देहाय बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरी दिनु पर्नेछः-

(क) प्राइभेट फर्मको अवधि समाप्त भएको छत्तीसौं दिन देखि नब्बे दिनसम्मको लागि उपनियम (३) बमोजिमको दस्तुरको दोब्बर दस्तुर,
(ख) खण्ड (क) मा उल्लिखित अवधि समाप्त भएको दिनदेखि एक वर्षसम्मको लागि उपनियम (३) बमोजिमको दस्तुरको तेब्बर दस्तुर ।

८. <u>**दर्ता अद्यावधिक र नवीकरणः**</u> (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएकोले दर्ता अद्यावधिक गर्न ऐन प्रारम्भ भएको मितिले एक बर्षभित्र अनुसूची-४ बमोजिमको ढाँचामा एक सय रुपैयाँ दरखास्त दस्तुर सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) ऐनको दफा ५ को उपदफा (२) वा (३) बमोजिम प्राइभेट फर्म नवीकरण गर्न अनुसूची-५ बमोजिमको ढाँचामा फर्म नवीकरण गरी अद्यावधिक गर्नको लागि एक सय रुपैयाँ दरखास्त दस्तुर सहित कार्यालय समक्ष दरखास्त दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम नवीकरणका लागि दरखास्त परेमा कार्यालयले फर्म धनीसँग देहायको दस्तुर र जरिबाना लिई त्यस्तो प्राइभेट फर्म नवीकरण गरिदिन सक्नेछः-

(क) यो नियम प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम प्रत्येक नवीकरण अवधिको लागि नवीकरण दस्तुरको तेब्बर दस्तुर र नवीकरण गराउन नसकेको बीस लाख सम्म पुँजी भएको प्राइभेट फर्मको हकमा त्यस्ता प्राइभेट फर्मबाट प्रत्येक वर्षका लागि थप दुई हजार पाँच सय रुपैयाँ,

(ख) बीस लाख भन्दा बढी पुँजी भएको प्राइभेट फर्मबाट खण्ड (क) बमोजिमको नवीकरण दस्तुर र प्रत्येक बर्षका लागि थप पाँच हजार पाँच सय रुपैयाँ ।

९. **साइनबोर्ड र मूल्यसूची राख्नु पर्नेः** प्राइभेट फर्म दर्ता भएपछि त्यस्तो प्राइभेट फर्मको धनीले आफ्नो फर्मको नाम, ठेगाना, दर्ता नम्बर र मिति प्रष्ट रुपमा उल्लेख भएको साइनबोर्ड र आफूले कारोवार गर्ने वस्तु वा सेवाको प्रचलित कानून बमोजिमको मूल्यसूची कारोवार स्थलमा राख्नु पर्नेछ ।

१०. **विवरण हेरफेर सम्बन्धी व्यवस्थाः** (१) कुनै प्राइभेट फर्मको धनीले प्राइभेट फर्म दर्ता गराउँदा दिएको विवरणमा हेरफेर गर्न चाहेमा हेरफेर गर्नु पर्ने विवरणहरु खुलाई सोको लिखित निवेदन सम्बन्धित कार्यालयमा दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विवरण हेरफेर गर्ने सम्बन्धी निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी मनासिव देखेमा विवरण संशोधन गर्न सक्नेछ।

तर प्राइभेट फर्मको विवरण संशोधनमा नामसारी, नाम परिवर्तन र पुँजीवृद्धि सम्बन्धी विषय भएमा देहाय बमोजिमको शुल्क लिई विवरण संशोधन गर्नु पर्नेछ ।

(क) नामसारी शुल्क -फर्म दर्ता गर्न लाग्ने दस्तुर बराबरको रकम,

(ख) नाम परिवर्तन शुल्क -फर्म दर्ता गर्न लाग्ने दस्तुरको पचास प्रतिशतले हुन आउने रकम,

(ग) पुँजीवृद्धि शुल्क -थप भएको पुँजीमा हाल नयाँ दर्ता गर्दा लाग्ने बराबरको रकम तर मिति २०७६।११।१९ पश्चात दर्ता भएको फर्मको हकमा हाल कायम हुने कुल पुँजीको आधारमा पहिले तिरेको शुल्क घटाइ बाँकी हुन आउने रकम ।

(३) उपनियम (२) बमोजिम विवरण संशोधन गरेमा कार्यालयले सोको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई समेत दिनु पर्नेछ ।

११. **प्रमाणपत्रको प्रतिलिपि लिन सकिने** : (१) नियम ६ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाण-पत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा कार्यालयमा प्राइभेट फर्मको धनीले निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखेमा कार्यालयले नियम ७ को उपनियम (३) को खण्ड (ख) बमोजिमको दस्तुर लिई निवेदकलाई दर्ताको प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

१२. **विवरण उपलब्ध गराउनु पर्ने:** (१) ऐनको दफा ७ को उपदफा (१) बमोजिम कुनै प्राइभेट फर्महरुको विवरण कार्यालयले मागेमा त्यस्तो फर्मको धनीले एक्काईस दिन भित्र त्यस्तो विवरण उपलब्ध गराउनु पर्नेछ र कुनै कारणबस सो समयभित्र विवरण उपलब्ध गराउन नसकिने भएमा सो को जानकारी कार्यालयलाई लिखित रुपमा गराई थप समय माग गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समय थपको लागि माग गरेमा अवस्था हेरी कार्यालयले त्यस्तो विवरण पेश गर्न बढीमा सात दिनसम्म समय थप गर्न सक्नेछ ।

१३. **अनलाईन माध्यमको प्रयोग:** (१) प्राइभेट फर्मको दर्ता, नवीकरण, नामसारी, ठाँउसारी, खारेजी लगायत अन्य आवश्यक विवरण मन्त्रालयले स्थापना गरेको अनलाईन प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउन सक्नेछ।यसरी स्थापित प्रणालीमा आवश्यक विवरण आवधिक रुपमा अद्यावधिक गर्ने प्राइभेट फर्मको कर्तव्य हुनेछ।

(२) अनलाईन प्रणालीमा प्राइभेट फर्मको बार्षिक कारोवारको विवरण र रोजगारीको अवस्था लगायत अन्य विवरण बार्षिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(३) अनलाईन माध्यमको प्रयोग सम्बन्धी अन्य व्यवस्था प्रणालीमा निर्धारण भए बमोजिम हुनेछ ।

**१४.** **खारेज गर्दा दस्तुर तथा जरिबाना असुल गर्ने** : (१) ऐनको दफा १० को उपदफा (१) को खण्ड (ख) बमोजिम फर्म धनीले मनासिब कारण देखाइ आफ्नो फर्म खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाणपत्र सहित एक सय रुपैयाँ दरखास्त दस्तुर सहित आफ्नो फर्म खारेजीको लागि कार्यालयमा अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम फर्म खारेजीको लागि निवेदन परेमा कार्यालयले खारेज गर्नु अघिसम्मको सम्पूर्ण बाँकी बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानून बमोजिम लाग्ने दस्तुर तथा जरिबाना समेत निजबाट असूल गरी प्राइभेट फर्म खारेज गरी दर्ता किताबबाट लगत कट्टा गर्नुपर्नेछ ।

**१५.** **अनुगमन सम्बन्धी व्यवस्था:** (१) मन्त्रालय र मातहतका निकायले समय समयमा ऐन र यस नियमावली बमोजिम दर्ता एवं सञ्चालन भएका प्राइभेट फर्मको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु प्रत्येक फर्मको कर्तव्य हुनेछ ।

**१६.** **अनुसूचीमा हेरफेर :** मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

अनुसूची – १

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

**बिषयः- प्राईभेट फर्म दर्ता सम्बन्धमा ।**

श्री कार्यालय प्रमुख,
घरेलु तथा साना उद्योग कार्यालय, ...........।

महोदय,

निम्न बमोजिम व्यापार व्यवसाय गर्न प्राइभेट फर्म मेरो नाममा दर्ता गराउन इच्छुक भएकोले दर्ताको लागि आवश्यक कागजातहरु यसै साथ संलग्न गरी रु. १०।– को टिकट टाँसी यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरा कुनै झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

(१) फर्मको पुरा नामः- (क) नेपालीमा ............................................
(ख) अंग्रेजीमा ............................................
(२) फर्मको पुरा ठेगानाः-
(३) फर्ममा लगाउने पुँजी :-
(४) फर्मको उद्देश्य :-
(५) फर्मको कारोवार :-
(६) प्रोप्राइटरको पूरा नाम तथा ठेगानाः- (क) नेपालीमा ............................................
(ख) अंग्रेजीमा ............................................
(७) प्रोप्राइटरको नागरिकता प्रमाणपत्र नं. वा राष्ट्रिय परिचयपत्र नं.
(८) प्रोप्राइटरको तिन पुस्ते नाम, थर र ठेगानाः-

दरखास्तवालाको लेखात्मक र रेखात्मक दुवै औँठाको सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

लेखात्मक हस्ताक्षर

दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर र ठेगाना दुरुस्त छ, भनी सनाखत गर्ने।

इति सम्बत् २० साल महिना गते रोज शुभम् ।

अनुसूची – २
(नियम ६ सँग सम्बन्धित)
प्रदेश सरकार
...................................... मन्त्रालय
......................................निर्देशनालय
....................................कार्यालय.............
गण्डकी प्रदेश

प्राइभेट फर्म
धनीको फोटो

प्रा. फा. नं.

**प्रमाण-पत्र**

निम्न लेखिएको विवरण भएको प्राइभेट फर्म सम्बत् २० साल ............महिना .......... गते प्राइभेट फर्म दर्ता ऐन, २०७८ बमोजिम दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

**विवरण**

धनी (प्रोप्राइटर) को नाम, थर र ठेगाना:-
फर्मधनीको नागरिकता प्रमाण पत्र नं.:-
फर्मको ठेगाना:-
फर्मको पुँजी रु. :-
फर्मको उद्देश्य:-
फर्मको कारोवार गर्ने वस्तु तथा सेवाको विवरण:-
मिति:-

कार्यालय प्रमुख

फर्मको नाम:-

| नवीकरण गरेको मिति | नवीकरण बहाल रहने मिति | बुझाएको दस्तुर | रसिद नं./भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची – ३

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

प्राइभेट फर्म नवीकरण सम्बन्धी दरखास्त

मिति:- २०   /   /

**विषय:- प्राइभेट फर्म नवीकरण गरिदिनु हुन ।**

श्री कार्यालय प्रमुख
.................. कार्यालय..................
गण्डकी प्रदेश

महोदय,
मेरो नाउँमा रहेको ........................... नामको प्राइभेट फर्म दर्ता नं..................... को नवीकरण गरिदिनु हुन अनुरोध गर्दछु । नवीकरणको लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न छ ।

निवेदक

प्राइभेट फर्मको धनीको

नाम, थर

दस्तखत

ठेगाना

अनुसूची – ४
(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

प्राइभेट फर्म अद्यावधिक सम्बन्धी दरखास्त

मिति:- २०  /  /

**विषय:- प्राइभेट फर्म अद्यावधिक गरिदिनु हुन ।**

श्री कार्यालय प्रमुख
.................. कार्यालय.................
गण्डकी प्रदेश ।

महोदय,
देहाय बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति .......................... मा दर्ता भई पछिल्लो पटक मिति ............................... मा नवीकरण भएकाले अद्यावधिक गरिदिनु हुन अनुरोध गर्दछु ।

विवरण

१. फर्मको नाम
२. फर्मको ठेगाना
३. फर्मको उद्देश्य
४. फर्मको पुँजी
५. फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण
६. बाजे, बज्यैको नाम, थर
७. बुवाको नाम, थर
८. आमाको नाम, थर
९. सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाँउला ।

निवेदक
प्राइभेट फर्मको धनीको
नाम, थर
दस्तखत
ठेगाना

अनुसूची – ५
(नियम ८ को उपनियम (२) सँग सम्बन्धित)
प्राइभेट फर्म नवीकरण र अद्यावधिक सम्बन्धी दरखास्त

मिति:- २०  /  /

**विषय:- <u>प्राइभेट फर्म नवीकरण र अद्यावधिक गरिदिनु हुन ।</u>**

श्री  कार्यालय प्रमुख
.................. कार्यालय.................
गण्डकी प्रदेश ।

महोदय,

देहाय बमोजिमको विवरण भएको प्राइभेट फर्म मिति ......................... मा दर्ता भएको र मिति ............ मा नवीकरण गर्ने अवधी समाप्त भई नवीकरण हुन नसकेकाले नवीकरण गरी अद्यावधिक समेत गरिदिनु हुन अनुरोध गर्दछु ।

विवरण

१. फर्मको नाम
२. फर्मको ठेगाना
३. फर्मको उद्देश्य
४. फर्मको पुँजी
५. फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण
६. बाजे, बज्यैको नाम, थर
७. बुवाको नाम, थर
८. आमाको नाम, थर
९. सम्पर्क नं.

लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाँउला ।

निवेदक
प्राइभेट फर्मको धनीको
नाम, थर
दस्तखत
ठेगाना

अनुसूची – ६
(नियम १४ को उपनियम (१) सँग सम्बन्धित)

प्राइभेट फर्म खारेजी सम्बन्धी निवेदन

मिति:- २०   /   /

**विषय:- प्राइभेट फर्म खारेज गरिदिनु हुन ।**

श्री  कार्यालय प्रमुख
.................. कार्यालय.................
गण्डकी प्रदेश ।

महोदय,
मेरो नाममा रहेको दर्ता नं................. भएको ......................... नामको प्राइभेट फर्म ......................... कारणले गर्दा अबदेखि सञ्चालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदक

प्राइभेट फर्मको धनीको

नाम, थर

दस्तखत

ठेगाना

आज्ञाले
ज्ञानेन्द्र पौडेल
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी  प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.२५।-